जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १३२ २०७८ साल पुस ६ गते मंगलबार (21 Dec. 2021 Tuesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

आत्महत्या समस्याको समाधान होइन, अमुल्य जीवन त्यसै खेर नफालौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : नियोजित हल्लाको पछि नलागौं,. ३ पृष्ठमा : कोभिड महामारीबाट जनताको ... ३ पृष्ठमा अफगानिस्तानलाई सहयोग...

## हत्यामा संलग्न अपराधीलाई पक्राउ गर्न नसकेको भन्दै पुनः राजमार्ग अवरुद्ध



*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**सिरहा, ५ पुस ।**

सिरहाको गोलबजार नगरपालिका ६ डोहटियाका बासिन्दाले सोमबार पुनः पूर्वपश्चिम राजमार्ग अवरुद्ध पारेका छन् । प्रशासनले हत्या घटनामा संलग्न अपराधीलाई पक्राउ गर्न नसकेको भन्दै उनीहरुले राजमार्ग अवरुद्ध गरेका हुन् ।

छुरा प्रहार घटनामा संलग्न अपराधीलाई पक्राउ गर्न नसकेको भन्दै डोहटियाका सयौं महिला र पुरुषले लाठी बोकेर गोलबजारस्थित राजमार्गमा प्रशासनविरुद्ध प्रदर्शन गरेका छन् ।

सो क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप समेत भएको छ । सो झडपमा केही प्रहरी घाइते भएका छन् ।

आइतबार प्रशासनसँग भएको सहमति अनुसार २४ घण्टाभित्र अपराधीलाई पक्राउ नगरेकाले आफूहरु पुनः आन्दोलनमा उत्रेका प्रदर्शनकारीहरुले बताएका छन् । उनीहरुले राजमार्ग अवरुद्ध गर्नुका साथै बजार समेत बन्द गराएका छन् ।

आन्दोलनकारीले मेयरले हत्यारा पक्राउ गर्न पहल नगरेको भन्दै गोलबजार नगरपालिकामा तालाबन्दी समेत गरेका छन् । करिब साढे ११ बजेदेखि नै राजमार्ग अवरुद्ध गरिएपछि हजारौं सवारी साधन र यात्रुहरु अलपत्र परेका थिए ।

अपराधीलाई अविलम्ब पक्राउ गरी सजायँ दिनुपर्ने, पीडितलाई क्षतिपूती र घाइतेको निःशुल्क उपचार गर्नुपर्ने आन्दोलनकारीको माग छ ।

शनिबार साँझ गोलबजार नगरपालिका ६ डोहटियाका २६ वर्षीय रामकुमार सदाय र १९ वर्षीय निकेश सदायमाथि छुरा प्रहार भएको थियो । रामकुमारको मृत्यु भएको छ भने निकेशको उपचार धनगढीको आरके मेडिसिटी अस्पतालमा भइरहेको छ । मृतकको शव पीडित परिवारले बुझ्न मानेका छैन ।

## राजर्षि जनक विश्वविद्यालयका अध्यक्षको कार्यकक्ष र लेखा शाखामा तालाबन्दी

**दैनिक समाचारदाता**
**धनुषा, ५ पुस ।**

राजर्षि जनक विश्वविद्यालयको सेवा आयोगले उप-प्राध्यापक पदपूर्तिका लागि दरखास्त आह्वान गरेपछि करारका शिक्षकहरुले तालाबन्दी गरेका छन ।

चार वर्ष पूर्व स्थापना गरिएको उक्त विश्वविद्यालयमा सोमबार सेवा आयोगका अध्यक्ष प्रा.डा. शैलेन्द्र लाभको कार्यकक्ष र लेखा शाखामा करारका शिक्षकहरुले तालाबन्दी गरेका छन् ।

पेपर कोर्स कन्ट्रयाक्ट शिक्षक संघका सभापति दिलिप यादवले स्थापनाकालदेखि नै विश्वविद्यालयमा काम गर्दै आएको र कतिपय शिक्षकहरुको उमेर समेत पार भइसकेको भन्दै सेवा आयोगबाट प्रकाशित विज्ञापनको विरोध गरेका छन् ।

उनले पछिल्लो ६ महिनादेखि विभिन्न माग राख्दै आफूहरु आन्दोलनरत रहेको अवस्थामा आफूहरुको मागलाई बेवास्ता गर्दै विज्ञापन निकालिएको आरोपसमेत लगाए ।

आफूहरुले यतिका वर्षसम्म काम गरेबापत प्राप्त अनुभवको कुनै मूल्यांकन नगरिएकोले बाध्य भएर तालाबन्दी गर्नुपरेको उनले सुनाए । उनले रजिष्ट्रार, भीसी, सेवा आयोगका अध्यक्ष, सदस्यहरुलाई जानकारी गराउँदा आश्वासन दिए पनि एक्कासी विज्ञापन आह्वान गरिएकाले आफूहरुको उमेर, अनुभवलाई ग्राह्यता नदिएको देखिएपछि तालाबन्दी गरेको बताए ।

केन्द्रीय कार्यालयमा उपप्राध्यापकको दरबन्दी रहेकोमा

*बाँकी अन्तिम पृष्ठमा*

## ट्रकको ठक्करबाट विद्यार्थीको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, ५ पुस ।**

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सर्लाहीको लालबन्दी नगरपालिका ९ बस्तीपुरमा सोमबार बिहान ट्रकको ठक्करबाट एक विद्यार्थीको ज्यान गएको छ ।

सर्लाहीकै चन्द्रनगर गाउँपालिका १, रतनपुर घरभइ लालबन्दीमा कोठा भाडा लिएर जनज्योति माध्यमिक विद्यालयको कक्षा ९ मा अध्ययनरत विपद रायका छोरा १७ वर्षीय दीपेन्द्र कुमार यादवको ट्रकको ठक्करबाट ज्यान गएको हो ।

दीपेन्द्रलाई सोमबार बिहान ट्युसन पढ्न जाँदै गर्दा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको ना ३ ख ७९९० नम्वरको ट्रकले ठक्कर दिएको इलाका प्रहरी कार्यालय लालबन्दीले जनाएको छ ।

दीपेन्द्रलाई सडक पार गर्न खोज्दा ट्रकले ठक्कर दिएको हो । ट्रकको ठक्करबाट गम्भीर घाईते भएका दीपेन्द्रलाई तत्कालै उपचारका लागि नमूना अस्पताल हरिवन पुर्‍याएपनि चिकित्सकसले

*बाँकी अन्तिम पृष्ठमा*

**आवश्यकता । आवश्यकता ॥ आवश्यकता ॥।**

खदिजा ट्रेडर्स एण्ड सप्लायर्सलाई एक जना अनुभवी इच्छुक कर्मचारी चाहिएकोले समयमै सम्पर्क गर्नु होला ।

**पद : लेखापाल/संख्या : १ (एक) जना**

+2 (Management) मा उत्तिर्ण गरेको वा सो सरह एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा Accounting Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।

**सम्पर्क**

**खदिजा ट्रेडर्स एण्ड सप्लायर्स**
**राजविराज ९, मलेठ, बिहारपुर**
**मोबाइल नं. ९८०१५१५०१५**

## विमानमा प्राविधिक समस्या आएपछि बुद्ध एयरले फर्कायो यात्रु

**दैनिक समाचारदाता**
**राजविराज, ५ पुस ।**

बुद्ध एयरको विमानमा आएको प्राविधिक समस्याका कारण सोमबार राजविराजबाट काठमाडौंका लागि टिकट काटेर तयारी अवस्थामा बसेका ४९ जना यात्रु निरास भई फर्केका छन् ।

निर्धारित समय भन्दा करिब तीन घण्टा ढिलो अवतरण गरेको बुद्ध एयरको विमानले थप तीन घण्टा यात्रुलाई कुराएर राजविराज विमानस्थलबाट फिर्ता पठाइदिएको हो ।



काठमाडौंका लागि १२ बजे विमान चढ्न समय दिएको भएपनि सोमबार दिउँसो २:५० मा मात्र काठमाडौंबाट आएको बुद्ध एयर राजविराज विमानस्थलमा अवतरण गरेको थियो ।

काठमाडौंका लागि यात्रुहरु चढाइसकेपछि उडान भर्ने तयारीमा रहेको सो विमानमा केही प्राविधिक समस्या आएको छ भन्दै मरमतमा केही समय लाग्ने विमानका कर्मचारीहरुद्वारा आफूहरुलाई जानकारी गराइएको यात्रुहरुले बताए ।

काठमाडौंबाटै प्राविधिक टिम मगाउनु पर्ने भन्दै बुद्ध एयरको अर्को सानो जहाजबाट प्राविधिकको टोलीलाई झिकाइएको भएपनि रात्री उडान भर्न अनुमति नरहेको भन्दै साँझ ६ बजेतिर सबै यात्रुलाई फिर्ता पठाइएको उदयपुरबाट आएकी एक यात्रुले बताइन् ।

बुद्ध एयर राजविराज शाखाका स्टेशन म्यानेजर अनिल राजवंशीले विमान मरमतको काममा समय लाग्ने भएकाले सोमबार फिर्ता पठाइएका यात्रुहरुको मंगलबार बिहान ८ बजे उडान हुने तयारी भइरहेको जानकारी दिए ।

## दुई सय ५० विपन्नलाई फाइबर सिरक प्रदान

**दैनिक समाचारदाता**
**राजविराज, ५ पुस ।**

दलित सरोकार मञ्च र व्योम कुसुमा बुद्ध धर्म संघले संयुक्त रुपमा सोमबार २ सय ५० विपन्न परिवारलाई फाइबर सिरक प्रदान गरिको छ ।

सप्तरीको कंचनरुप नगरपालिका ११ मा आयोजित एक कार्यक्रमबीच प्रमुख अतिथि प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले २ सय ५० विपन्न परिवारलाई उक्त फाइबर सिरक प्रदान गरेका हुन् ।



उक्त नगरपालिका क्षेत्रमा कष्टकर जिवन बिताउन बाध्य भएका विपन्न परिवारको पहिचान गरि फाइबर सिरक प्रदान गरिएको आयोजक संस्थाले जानकारी दिएको छ ।

## सम्पादकीय

# पुनः महामारी फैलिरहेको अवस्थामा सतर्कता अपनाऔं

विगत दुई वर्षदेखी विश्वभरी फैलिएको कोरोना महामारीका कारण त्रास उत्पन्न भएको छ । केही महिनाअघि महामारी नियन्त्रण भएको बेला पुनः महामारी फैलिरहेको भन्दै सरकारले सतर्कता अपनाउन सबैलाई आग्रह गरेको छ । नेपालमा कोरोना महामारीका कारण पहिलो पटक बि.स. २०७६ चैत ११ गतेदेखी लकडाउन गरिएको थियो । अहिले नेपालमा कोरोना महामारीको नयाँ स्वरुप देखिएपछि पुनः त्रास उत्पन्न भएको छ ।

सरकारले महामारी बिरुद्ध खोप समेत दिन थालेको अवस्था छ । सरकारले अहिले बालबालिकाहरुका लागि पनि खोपको व्यवस्था गरेको छ । यस्तो अवस्थामा मानिसहरुले यसलाई हल्का रुपमा लिएको देखिन्छ । सरकारले स्वास्थ्य मापदण्ड अपनाउन आग्रह गरेपनि मानिसहरुले त्यसको पालना गरेको देखिन्न ।

अगामी दिनहरुमा कोरोना रोकथाम तथा नियन्त्रणको प्रयासमा अझै सुधार गर्नु पर्ने आवश्यकता रहेको छ भने मानिसहरुले वेवास्ता गर्नुका साटो गम्भिर रुपमा लिनु पर्दछ । यसका लागि सबैभन्दा बढी स्थानिय सरकारले जनताको स्वास्थ्य अवस्थालाई ध्यान दिनु पर्ने हुन्छ । तसर्थ कोरोनाको अन्त्य नभएको अवस्थामा सबैले कोरोनाको त्रासलाई हलुका रुपमा नलिई गम्भिर भई सर्तकर्ता अपनाउनु अहिलेको अवस्था रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नियोजित हल्लाको पछि नलागौं, अर्थतन्त्रका सूचक ठिक छन् : अर्थमन्त्री

काठमाडौँ ५ पुस (रासस) ।

अर्थमन्त्री जनार्दन शर्माले अर्थतन्त्र संकटमा पर्नथालेको भनी गरिएको प्रचारलाई नियोजित हल्लाको संज्ञा दिनुभएको छ । अर्थ मन्त्रालयमा सोमबार आयोजित पूँजीगत खर्चसम्बन्धी अन्तरमन्त्रालयगत छलफल तथा अन्तरक्रियामा उहाँले मुलुकको अर्थतन्त्रका सूचकमा संकट आएको भनी भ्रम छर्न खोजिएको बताउनुभयो ।

"पुँजीगत खर्च कमजोर छ, यो कुरा साँचो हो । तर अन्य सूचक संकटमा रहेको भन्ने कुरा नियोजित हल्ला हो", उहाँले भन्नुभयो, "पुँजीगत खर्च बढाउनै पर्छ, तरलता अभाव हटाउन पनि पुँजीगत खर्च आवश्यक छ ।"

मन्त्री शर्माले पुँजीगत खर्चको गति बढाउन वन तथा वातावरणसँग सम्बन्धित विद्यमान ऐन, नियम संशोधन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । वन क्षेत्रमा पर्ने पूर्वाधार निर्माणको लागि वन मन्त्रालयबाट सम्पादन गरिनुपर्ने काम मौजुदा ऐन नियमको कारण चाँडो हुन नसक्ने र त्यसबाट पुँजीगत खर्च प्रभावित हुने गरेको भन्दै मन्त्री शर्माले त्यसमा सुधार गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले पुस महिनाभित्र आ-आफ्नो मन्त्रालयको पुँजीगत खर्च ३० प्रतिशत पुऱ्याउन विभिन्न मन्त्रालयलाई आग्रह गर्नुभयो । पुँजीगत खर्च बढाउन अर्थ मन्त्रालयले गर्नुपर्ने सहमति, समन्वयलगायत कार्य समयमै गर्ने प्रतिबद्धता जनाउनुभयो ।

पुसभित्र ३० प्रतिशत पुँजीगत खर्च गर्न नसक्ने मन्त्रालयको बजेट रकमान्तर गरी खर्च भइरहको ठाँउमा पठाइदिने तयारी भइरहेको जानकारीसमेत मन्त्री शर्माले दिनुभयो । "जसले खर्च गर्नसक्छ उसैलाई बजेट थपिन्छ, खर्च गर्न नसक्ने मन्त्रालयको बजेट कटौति हुन्छ । रकमान्तर गरेर पठाइन्छ", उहाँले भन्नुभयो ।

निजी जग्गामा भएको काठ काटेर उपयोग गर्दासमेत कार्वाही गर्ने गरिएको भन्दै यस्तो व्यवस्था ठीक नभएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "नेपालको जङ्गलमा बहुमूल्य काठ कुहिएर खेर जाने स्थितिको अन्त्य गरौँ । नेपालकै काठ सदुपयोग गर्न मिल्ने खालको नियम, कानुन बनाऔँ ।"

यस्तै उहाँले प्रधानमन्त्री रोजगार कार्यक्रममा दिइने गरेको दैनिक ज्याला रु ५१७ ज्यादै कम भएकाले त्यसलाई बढाएर रु एक हजारको आसपास पुऱ्याउने गरी कार्यविधि बनाउन श्रम मन्त्रालयलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा गृहमन्त्री बालकृष्ण खाँणले करको दायरामा आएका होटल तथा रेष्टुरेन्टलाई २४ सै घण्टा खुला राख्न उपयुक्त हुने सुझाव दिनुभयो । यसो गर्दा व्यवसाय फष्टाउने र राजश्व वृद्धिमा पनि सहयोग पुग्ने उहाँले बताउनुभयो । त्यसको लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउन गृह मन्त्रालय तयार रहेको मन्त्री खाँणको भनाइ छ ।

कृषिमन्त्री महिन्द्र राय यादवले सरकारले धानको समर्थन मूल्य तोकेर मात्र नहुने भन्दै कृषकबाट धान खरिद गर्ने व्यवस्था मिलाउनुपर्नेमा जोड दिनुभयो । ठेक्का प्रक्रियाबाट समयमा रसायनिक मल उपलब्ध गराउन नसकिने भन्दै उहाँले तत्काल जीटुजी प्रक्रियाबाट खरिद गर्न सुझाव दिनुभयो ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजेन्द्र श्रेष्ठले कुल दरबन्दीको ४० प्रतिशत कर्मचारी खाली रहेको र प्राविधिक क्षेत्रका थप ५० प्रतिशत कर्मचारी भर्ती गर्नुपर्ने अवस्था रहेको जानकारी गराउनुभयो । कर्मचारीको अभावमा पनि पुँजीगत खर्च प्रभावित भएको उहाँको तर्क छ ।

वन तथा वातावरणमन्त्री रामसहायप्रसाद यादवले पुँजीगत खर्च वृद्धिको लागि वनसँग सम्बन्धित समस्या समाधान गर्नेगरी नियमावली परिवर्तन गर्न लागिएको जानकारी दिनुभयो ।

युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले युवा स्वरोजगार कोषबाट प्रदान गरिने ऋणको व्याजदर चलन चल्तीको भन्दा कम बनाउनुपर्ने आवश्यकता औँल्याउदै त्यसको लागि सहजीकरण गरिदिन अर्थ मन्त्रालयलाई आग्रह गर्नुभयो ।

अर्थसचिव मधुकुमार मरासिनीले सहजीकरण गर्नुभएको कार्यक्रममा गृह, उद्योग बाणिज्य तथा आपूर्ति, कृषि, वन तथा वातावरण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, युवा तथा खेलकुद मन्त्रालयका सचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिवलगायतको सहभागिता रहेको थियो ।

# नेप्सेको ओरालो यात्रा कायमै

काठमाडौँ, ५ पुस (रासस) ।

ओरोलो लाग्दै आएको धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार पनि सोही मार्गमा केन्द्रीत रह्यो । चार दिनपछि खुलेको बजारमा सोमबार कारोबार मापक नेप्से परिसूचक उकालो लाग्ने अनुमान गरिए पनि झण्डै १८ अंकले ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १७.९३ अंकले घटेर दुई हजार ३५८.८१ मा सिमित भएको छ । यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.३४ अंकले ओरालो लागेर ४५१.१९ मा झरेको छ ।

नेप्से परिसूचक ओरालो लाग्दा कारोबार रकमसमेत घटेको छ । कूल २३१ कम्पनीको ५४ लाख ३९ हजार ८७ कित्ता शेयर रु दुई अर्ब ४६ करोड ४६ लाख ८९ हजार ८६३ मूल्यमा खरिद बिक्री भए ।

नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहमध्ये सोमबार दुई उपसमूहको शेयर मूल्यमा वृद्धि भएको भने ११ उपसमूहको शेयर मूल्यमा गिरावट आयो । उत्पादन १९४.८१ र लघुवित्त ६.३५ अंकले बढ्दा बैंकिङ ७.८६, व्यापार २.२४, होटल तथा पर्यटन ४५.०८, विकास बैंक ९२.४२, जलविद्युत ५२.७७, वित्त १७.८५, निर्जीवन बीमा १७०.१९, अन्य ३८.७३, जीवन बीमा १०६.०२, सामूहिक लगानी कोष ०.३७ अंकले ओरालो लागेका छन् ।

कारोबारका आधारमा गुर्खाज फाइनान्स शीर्ष स्थानमा रह्यो । सो कम्पनीको रु १९ करोड २७ लाख १० हजार ६५१ बराबरको कारोबार भयो । यस्तै, हिमालयन डिस्टिलरी रु १८ करोड ६६ लाख ४१ हजार १३८, कृषि विकास बैंक रु नौ करोड ४४ लाख ९९ हजार ५६९, नबिल बैंक रु आठ करोड ३६ लाख ७८ हजार १२७ र मञ्जुश्री फाइनान्स रु सात करोड पाँच लाख ६७ हजार २२९ बराबरको कारोबार भयो ।

नेप्सेका अनुसार गुर्खाज फाइनान्स र हिमालयन डिस्टिलरीको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो । कृषि विकास बैंक ४.९९, महुली सामुदायिक लघुवित्त ४.५३ र शिव श्री हाइड्रोपावरको शेयरधनीले ४.२८ प्रतिशतले कमाए ।

त्यस्तै, माउण्टेन इनर्जी ६.१७, नारायणी डेभलपमेन्ट बैंक ५.८६, मैलुङ खोला जलविद्युत कम्पनी ५.८३, तेह्रथुम पावर कम्पनी ५.३१ र समृद्धि फाइनान्सका लगानीकर्ताले ५.२० प्रतिशतले गुमाए । सोमबारको कारोबारपछि बजार पूँजीकरण रु ३३ खर्ब १६ अर्ब ५५ करोड ३७ लाख ४१ हजार ७६५ बराबर पुगेको छ ।



अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# कोभिड महामारीबाट जनताको जीवन बचाउनु साझा दायित्व : प्रधानमन्त्री

काठमाडौँ, ५ पुस (रासस)। प्रधानमन्त्री शेरबहादुर देउवाले कोभिड-१९ महामारीबाट जनताको जीवन बचाउनु सबैको साझा दायित्व भएको बताउनुभएको छ।

कोभिड-१९ विरुद्धको विशेष खोप अभियानबारे सातवटै प्रदेशका मुख्यमन्त्री तथा संघीय सरकारका सरोकारवाला मन्त्रीसँगको सोमबार सिंहदरबारमा भएको भर्चुअल अन्तरक्रियामा प्रधानमन्त्री देउवाले खोप अभियानलाई प्रभावकारी बनाएर जनताको जीवन बचाउने पहिलो कर्तव्य भएको बताउनुभयो।

उहाँले कोभिड विरुद्धको खोप लगाउने कार्यमा धेरै प्रगति भएको तर र अझै पनि खोप जनताको घरदैलोमा पुग्न नसकेर धेरै मात्रामा स्टोरेज भएको जानकारी पाएको उल्लेख गर्दै खोप अभियानलाई प्रभावकारी बनाउन प्रमुख जिल्ला अधिकारी, जनप्रतिनिधि एवं सरोकारवा जिम्मेवारीपूर्वक लाग्नुपर्नेमा जोड दिनुभयो।

प्रधानमन्त्री देउवाले भन्नुभयो, "अहिले नेपालमा कोभिडको नयाँ भेरियन्ट देखिएको बताइएको छ, खोप अभियानलाई तीव्रताका साथ अघि बढाउन जरुरी छ, खोपबाट जनताको जीवन बचाउनु हामी सबैको कर्तव्य हो, त्यसैले चैतसम्म सबै नेपालीलाई खोप दिने हाम्रो ( सरकारको) लक्ष्य हो पूर्णमात्रामा खोप दिएर जनतालाई सुरक्षित बनाउने अभियानमा सबै सक्रियरूपमा लाग्न अनुरोध गर्न चाहन्छु।"

प्रधानमन्त्री देउवाले कोभिड विरुद्धको बुष्टर डोज लगाएमा तेस्रो भेरियन्ट पनि घटनसक्ने विज्ञले बताइरहेकाले सबैलाई पूर्ण मात्रामा खोपको सुनिश्चितता गर्न सुरक्षा निकाय, स्वास्थ्यकर्मी, राजनीतिक दललगायत सबैमा अपिल गर्नुभयो। उहाँले कोभिडको नयाँ भेरियन्टले बालबालिकालाई पनि जोखिममा पार्ने भनिएकाले १२ वर्षमाथिका बालबालिकालाई पनि बचाउन आवश्यक रहेकाले बालबालिकासहित सबै नागरिकलाई बचाउन खोप अभियानलाई प्रभावकारी बनाइनुपर्ने खाँचो औँल्याउनुभयो।

प्रधानमन्त्री देउवाले खोप लगाएर सुरक्षित होइन्छ भनेर खोप अभियानबारे जनतमा सचेतना फैलाएर उनीहरुलाई उत्साहित बनाउन पनि अनुरोध गर्नुभयो।

# बारको आन्दोनका कारण दैनिक दुइ घण्टा इजलास प्रभावित

काठमाडौँ, ४ पुस (रासस)। नेपाल बार एसोसिएनको करिब दुई महिना लामो आन्दोलनका कारण सर्वोच्च अदालतमा मुद्दाको सुनुवाइ प्रभावित भएको छ।

सर्वोच्च अदालतमा करिब डेढ महिना सर्वोच्च अदालतका न्यायाधीश र बार दुवैको आन्दोलनले सुनुवाइ प्रभावित भएको थियो। गत मङ्सिर १५ गतेदेखि गोला प्रक्रियाबाट पेसी तोकिएपछि सर्वोच्च अदालतका न्यायाधीश काममा फर्किए पनि बारको आन्दोलन नरोकिँदा मुद्दाको सुनुवाइमा प्रभाव परेको छ।

सर्वोच्च अदालतका सहप्रवक्ता देवेन्द्र ढकालका अनुसार कानून व्यवसायीको आन्दोलनका कारण १० बजेदेखि १२ बजेसम्मको कानून व्यवसायी इजलासमा नपुग्दा सुनुवाइ प्रभावित भएको छ। सर्वोच्च अदालतमा गत कात्तिक ७ गते आइतबार मध्याह्नदेखि प्रधानन्यायाधीशमाथि मन्त्रिमण्डल विस्तारमा भाग खोजेको भन्ने आरोपका कारण न्यायालयमा प्रश्न उठेको र उक्त प्रश्नको जवाफका साथै सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदन कार्यान्वयन गर्नुपर्नेलगायतका माग राख्दै न्यायाधीशले सुनुवाइ गर्न इन्कार गर्नुभएको थियो। बन्दी र निवेदनका मुद्दाबाहेक अरु मुद्दामा सुनुवाइ हुन सकेको थिएन।

गत मङ्सिर १९ गतेदेखि सर्वोच्च अदालतका न्यायाधीश पूर्णरूपमा इजलासमा बसेर सुनुवाइ गर्नुभयो तर कानून व्यवसायीको आन्दोलनका कारण पूर्णसुनुवाइमा प्रभाव परेको छ। न्यायालय सुदृढीकरणको आन्दोलनमा लागेको बारको मागअनुसार गोलाप्रक्रियाबाट पेसी व्यवस्थापन प्रारम्भ भए पनि बारले पूर्णरूपमा आन्दोलन रोकेको छैन।

# स्थानीय तहको खाताको ८० प्रतिशत रकम निक्षेपमा गणना गर्न पाइने

**दैनिक समाचारदाता**
**काठमाडौँ, ४ पुस।**

स्थानीय तहको बैंक खातामा रहेको रकमको ८० प्रतिशत रकमलाई बैंकहरुले निक्षेपमा गणना गर्न पाउने भएका छन्।

बैंक तथा वित्तीय संस्थाहरुमा लगानी योग्य रकम (तरलता) समस्या समाधानको एक उपायका रुपमा अर्थ मन्त्रालयले स्थानीय तहको खातामा रहेको ८० प्रतिशत रकम निक्षेपमा गणना गर्न पाउने व्यवस्था गरेको हो।

अर्थ मन्त्रालयका सचिव मधु मरासिनीले यो निर्णयबाट बैंकिङ प्रणालीमा तत्काल ५० अर्ब रुपैयाँ उपलब्ध हुने बताएका छन्। नेपाल बैंकर्स संघले शत प्रतिशत रकम निक्षेपमा गणना गर्न पाउनुपर्ने माग राख्दै आएको थियो। हाल स्थानीय तहको बैंक खातामा रहेको ५० प्रतिशत रकम निक्षेपमा गणना गर्न पाउने व्यवस्था रहेको छ।

वित्तीय क्षेत्रमा तरलता अभाव चर्कँदै जाँदा केही बैंकहरु ऋण दिनै नसक्ने अवस्थामा पुगेका छन्। अर्थ मन्त्रालय स्रोतका अनुसार स्थानीय तहको बैंक खातामा रहेको ८० प्रतिशत रकम निक्षेपमा गणना गर्न पाउने व्यवस्थाबारे भएको निर्णय सोमबार नेपाल राष्ट्र बैंकमा पठाइएको छ।

बैंकर्स संघका अध्यक्ष अनिल उपाध्यायले सरकारले गरेको निर्णय स्वागतयोग्य भएको बताएको अनलाइन खबरडट कमले जनाएको छ।




## विश्व समाचार

### अफगानिस्तानलाई सहयोग गर्न पाकिस्तानी प्रधानमन्त्रीको आग्रह

इस्लामाबाद, ५ पुस (रासस/सिन्ह्वा)। पाकिस्तानका प्रधानमन्त्री इमरान खानले अफगानिस्तानलाई सहयोग गर्न आग्रह गर्नुभएको छ। उहाँले भन्नुभएको छ- यदि अफगानिस्तानलाई समयमै सहयोग उपलब्ध गराउन नसक्ने हो भने यहाँ मानवीय संकट पैदा हुनेछ। 'अर्गनाइजेसन अफ इस्लामिक कोअपरेसन'को एक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सो कुरा बताउनुभएको हो।उहाँले अहिले पनि अफगानिस्तानमा ठूलो संकट परेको र यसलाई समयमै समाधानको उपाय नखोज्ने हो भने यसबाट समस्या पनि उत्पन्न हुन सक्ने बताउनुभएको छ।

गएको अगष्ट १५ सम्म पनि अफगानिस्तानको करिब आधा जनसंख्या गरिबीमा रहेको र त्यस समयमै यहाँका करिब ७५ प्रतिशत बजेट वैदेशिक सहयोगमा निर्भर रहेको भन्दै उहाँले आगामी दिनहरु अफगानिस्तानका लागि निकै कष्टकर हुनसक्ने बताउनुभएको हो।उहाँले हाल तालिबान शासन सुरु भएपछि यहाँको अवस्था झन् नाजुक बन्दै गएको र वैदेशिक सहायताको रकम पनि उपलब्ध हुन नसकेको भन्दै सहयोगका लागि आग्रह गर्नुभएको हो। उहाँले वैदेशिक सहायताका लागि विश्व समुदायको ध्यानाकर्षण पनि गराउनुभएको छ। उहाँले अफगानिस्तानको अवस्थाको सुधारका लागि विदेशी दाता राष्ट्र र देशले सहयोग गर्नुपर्ने भन्दै सबैको ध्यानाकर्षण गराउनुभएको हो।

### मलेसियामा व्यापक बाढी, ३५ हजारभन्दा बढी विस्थापित

क्वालालम्पुर, ५ पुस (रासस/सिन्ह्वा)। मलेसियामा बाढीका कारण धेरै नागरिक प्रभावित भएका छन्। यहाँको सरकारी प्रकोप नियन्त्रण विभागले दिएको जानकारीअनुसार मलेसियाका कम्तीमा पनि ३५ हजार जना बाढीबाट विस्थापित भएका छन्। मलेसियामा केही दिनदेखि निरन्तर रुपमा वर्षा भएको छ। वर्षाका कारण उत्पन्न भएको बाढी र पहिरोबाट ठूलो संख्याका नागरिक विस्थापित भएका बताइएको हो।

यहाँको पूर्वी तटीय प्रान्त पाहाङ सबैभन्दा बढी प्रभावित भएको छ। यसबाट यहाँका धेरैजसो नागरिकहरु प्रभावित भएका बताइएको छ। यहाँका करिब सात ओटा प्रान्त बाढीबाट प्रभावित भएका बताइएको छ। राजधानी क्वालालम्पुरमा पनि बाढीको प्रकोप बढ्दो मात्रामा देखिएको छ। राजधानी क्वालालम्पुरको बाहिरी क्षेत्रका हजारौँ व्यक्ति विस्थापित हुन पुगेका पनि यहाँका अधिकारीहरुले जनाएका छन्। मलेसियाको मौसम विभागले यहाँका कैयौँ राज्यमा अझै पनि वर्षा जारी रहने भन्दै सतर्क रहन सूचना जारी गरेको छ। नागरिकहरुलाई यसका लागि सतर्कता अपनाउन भनिएको छ।

### बाढीका कारण इराकमा १२ को मृत्यु

बग्दाद, इराक, ५ पुस (रासस/सिन्ह्वा)। अत्यधिक वर्षापछि आएको बाढीका कारण इराकमा कम्तीमा १२ जनाको मृत्यु भएको छ। देशको इर्बिल प्रान्तका गभर्नर ओमेड खोश्नावले आइतबार दिएको जानकारीअनुसार कम्तीमा १५ क्षेत्रमा बाढीको प्रभाव परेको छ। बाढीले दुई हजार ५०९ घरमा क्षति पुगेको छ भने ८७६ घर नष्ट भएको अधिकारीहरुले जानकारी दिएका छन्। बाढीका कारण दुई करोडभन्दा बढीको भौतिक संरचनामा क्षति पुगेको समाचारमा जनाइएको छ। त्यसैगरी खेतियोग्य जमिन, सडक, ढललगायतमा पनि क्षति पुगेको र सेवा अवरुद्ध भएको अधिकारीहरुले बताएका छन्।गत बिहीबार र शुक्रबार देशको इर्बिलसहितको कुर्दिश क्षेत्रमा भारी वर्षा भएको थियो। घटनास्थल राजधानी बग्दाददेखि ३७५ किलोमिटर टाढा पर्दछ।

### बेलायतमा ओमिक्रोनबाट अहिलेसम्मकै धेरै सङ्क्रमित

लण्डन, ५ पुस (रासस/सिन्ह्वा)। बेलायतमा कोरोनाभाइरसको नयाँ भेरियन्टको रुपमा देखिएको ओमिक्रोनबाट एकैदिनमा अहिलेसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भएका छन्। सरकारी अधिकारीहरुले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा १२ हजार १३३ जना ओमिक्रोनबाट सङ्क्रमित भएका छन्। योसँगै बेलायतमा ओमिक्रोनबाट कूल सङ्क्रमितहरुको सङ्ख्या ३७ हजार १०१ पुगेको पनि अधिकारीहरुले जनाएका छन्।त्यसैगरी कोरोनाभाइरसबाट भने एकैदिनमा ८२ हजार ८८६ जना सङ्क्रमित भएका छन्। बेलायतमा कोरोनाभाइरसबाट अहिलेसम्म सङ्क्रमितहरुको सङ्ख्या एक करोड १३ लाख ६१ हजार ३८७ पुगेको जनाइएको छ।

यसअघि गत शनिबार एकैदिन ९० हजारभन्दा बढी सङ्क्रमित भएका थिए। बेलायतमा पछिल्लो समय कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितहरुको सङ्ख्या अत्यधिक धेरै भएको छ। बेलायतमा एकैदिनमा अहिलेसम्म सबैभन्दा धेरै ९३ हजार ४५ जना सङ्क्रमित भएका थिए। त्यसपछि भने घट्दै गएको छ। सङ्क्रमित भएकाहरुको सङ्ख्याको तुलनामा मृत्यु भएकाहरुको सङ्ख्या भने सामान्य नै देखिएको छ। पछिल्लो एक दिनमा कोरोनाका कारण ४५ जनाको मृत्यु भएको छ। बेलायतमा कोरोनाका कारण अहिलेसम्म एक लाख ४७ हजार २१८ जनाको मृत्यु भएको सरकारी तथ्याङ्क छ।

# एमालेको अवरोधका कारण राष्ट्रियसभा बैठक स्थगित

काठमाडौँ, ५ पुस (रासस)।
नेकपा (एमाले)को अवरोधका कारण राष्ट्रिय सभाको सोमबारको बैठक कार्यसूचीमा प्रवेश नै नगरी स्थगित भएको छ। भनस्सोमबारको बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय ललित आयोगको आव २०७६/०७७ र आव २०७७/७८ को वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्ने कार्यसूची थियो।

बैठक सुरु हुने वित्तिकै एमालेका सांसद देवेन्द्र दाहालले आफूहरुको माग सम्बोधन नभएकाले राष्ट्रियसभाको बैठक अगाडि बढ्न नसक्ने बताउनुभयो। उहाँले १०औँ बैठकदेखि नै आफूहरुले उठाएको माग सम्बोधन हुन नसकेका कारण आफूहरुले सहज रुपमा बैठक अगाडि बढाउन नदिने बताउनुभयो।

प्रतिनिधिसभाका सभामुखले आफूहरुले कारबाही गरेका सांसदका सम्बन्धमा कुनै पनि निर्णय नगरेका कारण बैठक अगाडि बढ्नुको अर्थ नभएको तर्क उहाँले गर्नुभयो। एमालेका सांसदले उभिएर विरोध गरेपछि सभाध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले आशन ग्रहण गर्न पटक पटक आग्रह गर्नुभएको थियो। त्यसपछि राष्ट्रियसभाको अर्को बैठक अर्को सूचना जारी नहुँदासम्म स्थगित भएको सभाध्यक्ष तिमिल्सनाले जानकारी गराउनुभयो।

# ‘गठबन्धनलाई आगामी निर्वाचनसम्म निरन्तरता दिनुपर्छ’

काठमाडौँ, ५ पुस (रासस)।
पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले हाल सरकारमा रहेका गठबन्धनलाई आगामी निर्वाचनसम्म निरन्तरता दिनुपर्ने बताउनुभएको छ।

समाजवादी प्रेस सङ्गठनले सोमबार आयोजना गरेको कार्यक्रममा जनता समाजवादी पार्टीका सङ्घीय परिषद् अध्यक्षसमेत रहनुभएका भट्टराईले देशभित्र र बाहिर प्रतिगामी शक्तिको खतरा भएकाले गठबन्धनको निरन्तरतामा जोड दिनुभएको हो। उहाँले एमसिसीलगायतका मुद्दामा गठबन्धनमा रहेका दलहरुबीच साझा धारणा बनाएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, “सानासाना समस्याका कारणले पनि गठबन्धन भत्काउने खतरा छ।”

अहिलेसम्मको हासिल भएको उपलब्धिको रक्षा गर्नुपर्नेमा पूर्वप्रधानमन्त्री भट्टराईको जोड छ। उन्नत समाज निर्माणका लागि सुशासन, लोकतन्त्र, समृद्धि हासिल गर्नुपर्ने उहाँले बताउनुभयो। कोही पनि निजी स्वार्थमा लम्पसार भएमा अमेरिकादेखि छिमेकी दक्षिणपन्थी शक्तिसमेत हाबी हुने खतरा रहेको उहाँले औँल्याउनुभयो।

गत वर्ष पुस ५ गते भएको संसद् विघटन प्रतिगामी कदम भएकाले त्यसको विरोध गरेको र अझै पनि प्रतिगमन पूर्णरुपमा अन्त्य नभएको पूर्वप्रधानमन्त्री भट्टराईको आरोप थिभयो। विगतमा पनि पटक-पटक लोकतन्त्रमाथि प्रहार भएको र त्यसविरुद्ध नेपाली जनता लड्दै आएको उहाँको भनाइ छ। गत वर्ष पुस ५ गते भएको संसद् विघटनविरुद्ध दल, नागरिक समाज र पत्रकारलगायतले आवाज उठाएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, “अझै पनि सबै मिलेर खबरदारी गर्न लाग्नुपर्छ।”

केही शक्ति अहिले नै उपलब्धि हासिल भइसकेको भनेर त्यसलाई जोगाउनमा जोड दिइरहेको पूर्वप्रधानमन्त्री भट्टराईले बताउनुभयो। समाज यथास्थितिमा नबस्ने हुँदा उपलब्धि रक्षा गर्दै थप उपलब्धि हासिल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

# खोप लिएर आएको विमान मौसम खराबीका कारण अवतरण गर्न सकेन

काठमाडौँ, ५ पुस (रासस)।
मौसम खराबीका कारण जहाज अवतरण गर्न नसकेपछि सोमबार चीनबाट ल्याइएको कोरोना भाइरस विरुद्धको भेरोसेल खोप फिर्ता भएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मौसम खराबीले सोमबार बिहान जहाज अवतरण गर्न नसकेपछि खोप फिर्ता भएको हो। एशियाली विकास बैंकको सहयोगमा चीनबाट भेरोसेल खोप नेपाल ल्याउन लागिएको थियो।

स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन शाखाका प्रमुख सुरेन्द्र चौरसियाले विमानस्थलमा जहाज अवतरण गर्न नसकेपछि खोप फिर्ता गए पनि भोलिसम्ममा आइपुग्ने जानकारी दिनुभयो। उहाँका अनुसार त्यहाँबाट १२ लाख एक हजार ८८७ मात्रा खोप आउन लागेको थियो।

यस्तै सोमबारै भारतबाट पनि १८ लाख ७० हजार ५०० मात्रा खोप आउन लागेको छ। कोभ्याक्स सुविधाअन्तर्गत कतार एयरवेजबाट दिउँसो २:३५ बजे उक्त खोप नेपाल आइपुग्ने प्रमुख चौरसियाले बताउनुभयो। नेपालमा तीन करोड ५४ लाख ६६ हजार ९८० मात्रा खोप आएकामा अहिलेसम्म दुई करोड १६ लाख ५४ हजार १०९ मात्रा खोप लगाइसकिएको छ।

### राजर्षि जनक ...

पाँच जनाको दरबन्दी राखेर २१ वटामा मात्र विज्ञापन आह्वान गरेको उनको आरोप छ। विश्वविद्यालयमा अहिले भूगोल विषयको पढाई नभए पनि त्यसका लागिसमेत दरखास्त आह्वान गरिएको तर पढाई भइरहेको विषयहरुको विज्ञापन ननिकालिएको करार शिक्षकहरुको आरोप छ।

विश्वविद्यालयले सोमबार उपप्राध्यापक पदमा २१ वटा पदका लागि विज्ञापन आह्वान गरेको छ। विश्वविद्यालयले जनस्वास्थ्य, कानुन, कम्प्युटर एप्लिकेसन, अंग्रेजी, अर्थशास्त्र, तथ्यांकशास्त्र, गणित, व्यवस्थापन, कम्प्युटर इन्जिनियरिङ, भूगोल, हेमाटोलोजीलगायत विषयको उपप्राध्यापक पदमा भर्नाका लागि विज्ञापन आह्वान गरेको छ।

विश्वविद्यालयले कर्मचारी भर्नाका लागि प्राविधिक अधिकृतदेखि लिएर ल्याब ब्वाईसम्मका लागि १३ वटा दरबन्दीमा भर्नाका लागि विज्ञापन प्रकाशित गरेको छ।

### ट्रकको ठक्करबाट ...

मृत घोषणा गरेका लालबन्दीका प्रहरी निरीक्षक निर्मल थापाले जानकारी दिए। दुर्घटनामा संलग्न ट्रक र त्यसका चालक प्रहरीको नियन्त्रणमा छन्।

मृतकको शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल मलंगवा पठाइएको छ। आफ्ना विद्यार्थीको सवारी दुर्घटनामा परेर मृत्यु भएपछि जनज्योति माध्यमिक विद्यालयले सोमबार एक दिनका लागि विद्यालयमा पठनपाठन बन्द गरेर बिदा दिएको छ।

# कांग्रेस महाधिवेशन : केन्द्रीय सदस्य खुलातर्फ ३५ जना विजयी

काठमाडौँ, ५ पुस (रासस)।
नेपाली कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत गत सोमबार भएको केन्द्रीय सदस्य (खुला) ३५ सिटको मतगणना सम्पन्न भएको छ।

पार्टीको केन्द्रीय निर्वाचन समितिका अनुसार निवर्तमान महामन्त्री डा शशाङ्क कोइराला सर्वाधिक मत तीन हजार ८३६ सहित खुला केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएको छ। त्यसपछि क्रमशः एनपी साउद (२,९३७), बालकृष्ण खाँण (२,८७९), उदयशमशेर राणा (२,८४३), रामहरि खतिवडा (२,८३२), ज्ञानेन्द्रबहादुर कार्की (२,८२०), रमेश लेखक (२,७८०), शङ्कर भण्डारी (२,७६८), जीपछिरिङ लामा (२,७०२), अर्जुननरसिंह केसी (२,६५०), जीतजङ्ग बस्नेत (२,५५७), गोपालमान श्रेष्ठ (२,५३८), मोहनबहादुर बस्नेत (२,४७६), सुनिलबहादुर थापा (२,४७२) तथा नैनसिंह महर (२,४६७) मतका साथ निर्वाचित हुनुभएको छ।

यसैगरी दिलेन्द्रप्रसाद बडू (२,४४१), डा रामशरण महत (२,४३४), बलबहादुर केसी (२,३८८), गोविन्द भट्टराई (२,३५०), कुन्दनराज काफ्ले (२,२७९), दिपक गिरी (२,२६५), सुरेन्द्रराज पाण्डे (२,२०१), पद्मनारायण चौधरी (२,०३८), राजिव ढुङ्गाना (१,८९६), गुरु बराल (१,८७०), संजयकुमार गौतम (१,८६७) प्रा डा गोविन्दराज पोखरेल (१,८४३), मदनबहादुर अमात्य (१,८३०), अजयबाबु शिवाकोटी (१,८११), गणेश लामा (१,७८२), दिनेश कोइराला (१,७८१), उमेशजङ्ग रायमाझी (१,७७६), इन्जिनियर मोहन आचार्य (१,७५१), डा गोपाल दहित (१,७१०) र कृष्णकिशोर घिमिरे (१,७०७) मतसहित निर्वाचित हुनुभएको समितिले जनाएको छ।सार खुला केन्द्रीय सदस्य ३५ पदका लागि ९९ जनाले उम्मेदवारी दिनुभएको थियो।

पार्टीका सबै पदाधिकारीको भने शुक्रबार नै मतगणना सम्पन्न भएको थियो। कांग्रेस केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्य गरी १३४ पदका लागि भएको मतदानमा जम्मा ४८७ जनाले उम्मेदवारी दिनुभएको थियो। कांग्रेसमा जम्मा महाधिवेशन प्रतिनिधि (मतदाता) चार हजार ७४३ रहेका छन्। केन्द्रीय कार्यसमितिका पदाधिकारी मध्ये एक सभापति, दुई उपसभापति, दुई महामन्त्री र समावेशीका विभिन्न आठ क्लष्टरअन्तर्गत आठ सहमहामन्त्रीको निर्वाचन हुने व्यवस्था छ। कोषाध्यक्ष भने निर्वाचित केन्द्रीय सदस्य मध्येबाट हुने व्यवस्था छ।

यसैगरी ३५ खुला केन्द्रीय सदस्य, महिला नौ, प्रत्येक प्रदेशबाट तीन जनाका दरले २१, दलित नौ, आदिवासी/जनजाती १५, खस/आर्य १३, मधेसी नौ, थारु चार, मुस्लिम तीन, पिछडिएको क्षेत्रबाट एक, अल्पसङ्ख्यक बाट एक, अपाङ्गबाट एक सदस्य गरी कुल १३४ पदाधिकारी तथा सदस्यको निर्वाचन हुने कांग्रेसको विधानको व्यवस्था छ। जम्मा १६७ सदस्यीय केन्द्रीय समितिमा केन्द्रीय सभापतिले ३३ सदस्य मनोनित गर्ने विधानमा उल्लेख छ।

# कांग्रेसका दुई भ्रातृ संस्था नेविसङ्घ र तरुण दल नेतृत्वविहीन

काठमाडौँ, ५ पुस (रासस)।
नेपाली कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ र नेपाल तरुण दल नेतृत्वविहीन बन्न पुगेको छ। पार्टीको भर्खरै सम्पन्न १४औँ महाधिवेशनमा नेविसङ्घका अध्यक्ष राजिव ढुङ्गाना र तरुण दलका अध्यक्ष जीतजङ्ग बस्नेत केन्द्रीय सदस्य पदमा निर्वाचित भएसँगै पार्टीका दुई भ्रातृ संस्था नेतृत्व विहीन बन्न पुगेका हुन्।

विसं २०७३ कात्तिक ३० सम्पन्न तरुण दलको पोखरा अधिवेशनबाट अध्यक्ष बन्नुभएका बस्नेत र विसं २०७६ माघ १६ गते १२औँ महाधिवेशन सम्पन्न गर्नका लागि बनेको तदर्थ समितिका अध्यक्ष ढुङ्गाना (खुलातर्फ) केन्द्रीय सदस्य निर्वाचित भएपछि नेविसङ्घ र तरुण दल नेतृत्व विहीन बनेको हो।

पार्टीको खुलातर्फ केन्द्रीय सदस्यको आइतबार सम्पन्न मतगणनामा बस्नेत दुई हजार ५५७ र ढुङ्गाना एक हजार ८९६ मत ल्याएर निर्वाचित हुनुभएको थियो। कांग्रेसले दुवै भ्रातृ संस्थाका पदाधिकारी बनाए पनि केन्द्रीय समितिलाई भने पूर्णता दिएको थिएन।

पार्टीको विधानले पार्टीको कुनै पनि तहको पदाधिकारी एवं सदस्य भ्रातृ संस्थाको पदाधिकारी एवं सदस्य नहुने उल्लेख गरेको छ। साथै भ्रातृ संस्थाको कार्यसमितिका पदाधिकारी वा सदस्य पार्टीको कुनै पनि तहको कार्यसमितिमा निर्वाचित वा मनोनित भए पनि निजको भ्रातृ संस्थाको पद स्वतः रिक्त हुने विधानमा व्यवस्था छ। बस्नेत र ढुङ्गानाले पार्टी केन्द्रीय सदस्यमा उम्मेदवारी दिँदा आफूले नेतृत्व गरिरहेको भ्रातृ संस्थाको पदबाट राजीनामा दिनुभएको थिएन।


आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं। गर्नै परेमा भेन्टिलेसन खुला राखौं।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np